कागेश्वरी मनोहरा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## (कृषि विकास शाखा)

डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
०१-४४५०१८६
०१-४४५०३५६

प.सं.: ०८०/८१
सूचना नं. २०/०८०/८१ (कृषि विकास शाखा)

## ५० प्रतिशत अनुदानमा कृषि यन्त्र, उपकरण वितरण कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति-२०८१/०१/१०*

यस कागेश्वरी मनोहरा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,कृषि विकास शाखाको चालु आ.व. ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिल बमोजिमको कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्न यस नगरपालिका भित्रका ईच्छुक कृषक समूह/कृषि सहकारी/कृषि उद्यमी कृषक/कृषि फार्महरुले यस सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र (२०८१/०१/२४ गते) कार्यालय समयमा तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी नगरपालिका अन्तर्गत, कृषि विकास शाखामा रितपूर्वक संयुक्त/एकल आवेदन पेश गर्नुहुन सम्बन्धित सम्पूर्णमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. सं. | कार्यक्रमको नाम | कृषि यन्त्र, उपकरणको विशिष्टीकरण | कार्यालयको लागत साझेदारी | कैफियत |
|---|---|---|---|---|
| १. | पचास प्रतिशत अनुदानमा टनेल प्लाष्टिक वितरण | - UV Plastic 7 layer<br>- Thickness-100 Micron<br>- size -6/100 Mtr. | ५० प्रतिशत | नगरपालिका अन्तर्गत दर्ता भएका कृषि फर्मले मात्र प्रस्ताव गर्न पाउने |
| २. | पचास प्रतिशत अनुदानमा कृषि यन्त्र, उपकरण वितरण (पावर टिलर, मिनिटीलर, स्प्रेयर अन्य) | - पावर टीलर-१२ HP Diesel Engine<br>- मिनिटीलर- ४ Kw (७-७.५HP)<br>- मिनिटीलर- ५.२ Kw (९± HP)<br>- स्प्रेयर- रिचार्जेबल, 2 In 1, 16 Ltr. | ५० प्रतिशत | नगरपालिका अन्तर्गत दर्ता भएका कृषि फर्म, कृषक समूह, सहकारीले मात्र प्रस्ताव गर्न पाउने (स्प्रेयर- व्यक्तिगत रुपमा पाउने) |

**आवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु :**

| कृषि फार्म/उद्यमि कृषकहरुको आवेदनका लागि | कृषक समूह/कृषि सहकारीहरुको आवेलनका लागि |
|---|---|
| १. नगरपालिकाबाट जारी भएको किसान कार्ड ।<br>२. फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि नविकरण सहित ।<br>३. प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि ।<br>४. गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।<br>५. जग्गाधनी पूर्जाको प्रतिलिपि वा कर तिरेको रसिदको प्रतिलिपि, करारमा लिएको भए सम्झौताको प्रमाण पेश गर्नुपर्ने ।<br>६. सम्बन्धित वडा कार्यालयको सिफारिस । | १. संस्था दर्ता प्रमाण पत्रको नविकरण सहितको प्रतिलिपि ।<br>२. संस्थाको प्यान/ भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि ।<br>३. गत आ.व.को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।<br>४. संस्थाको निर्णयको प्रतिलिपि तथा अनुदान प्रकृयाको लागि जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र ।<br>५. अख्तियार प्राप्त प्रतिनिधिको नागरिकता प्रमाणपत्र प्रतिलिपि ।<br>६. सम्बन्धित वडा कार्यालयको सिफारिस । |